## कार्यसूची १३ बमोजिमको निर्णय :-

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले आ.व. २०८०।८१ को आर्थिक ऐन, २०८० मा केही संशोधन सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

**प्रस्ताव:**

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय राजस्व परामर्श समितिको समेत सिफारिस भएबमोजिम स्थानीय कर तथा शुल्क संकलन गर्ने, आय संकलनको प्रशासनीक व्यवस्था गर्न बनेको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले आर्थिक ऐन, २०८० को अनुसुची १, अनुसुची २ र अनुसुची ३ का केहि दफाहरुमा रहेका करका दरहरुमा थप/घट, थप पुष्टयाई तथा करका दफा थप गरी आर्थिक ऐन,२०८० को पहिलो संशोधन गरियोस भनी यो संशोधन प्रस्ताव पेश गर्दछु। संशोधन हुने र थप हुने अनुसुचिहरु सदस्यहरुलाई वितरण भईसकेको व्यहोरा सभाध्यक्ष ज्यू मार्फत सभालाई जानकारी गराउँछु।

**प्रस्तावबाट प्राप्त हुने उपलब्धीहरुः-**

- आन्तरिक आय वृद्धिमार्फत गाउँपालिकालाई आत्मनिर्भरता तर्फ उन्मुख गराउन सकिनेछ।
- करको दायरा विस्तार मार्फत आन्तरिक आय वृद्धि हुनेछ।
- कर संकलन व्यवस्थित भई सेवा प्रवाहमा सहजता आउनेछ।
- प्रगतिशिल कर संकलनको अवधारणा सार्थक हुनेछ।
- कर छल्ने प्रवृत्ति निरुत्साहित हुनेछ।

**देहाय :**

चालु आ.व.२०८०र८१ को लागि कर तथा गैर करहरुका दरहरु संशोधन तथा थप गर्ने विवरण

| सि.न. | सिफारिसको विवरण | दफा | आ.व. ०८०।८१ को प्रस्तावित दर | आ.व. ०८०।८१ को संशोधित/नया थप दर | इकाई | कैफियत/ पुष्ट्याई |
|---|---|---|---|---|---|---|
| १ | तमसुक प्रमाणित | नयाँ थप | | | | |
| | तमसुक रकमको ०।५छ ले हुन आउने रकम। | नयाँ थप | | ५०० | | |
| २ | कन्सुलर प्रमाणिकरण | अनुसूची २ दफा ३४ | ५०० | | | प्रति पेज |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ. | ट्याक्टर | नयाँ थप | | २००० | | |
| १० | बिना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन् वा संकलन गरेको पाईएमा | नयाँ थप | | १०००० | | |
| ११ | तोकिएको भन्दा बढी गहिराईमा उत्खनन् गरेमा | नयाँ थप | | १५००० | | |
| १२ | तोकिएको भन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | नयाँ थप | | १०००० | | |
| १३ | बिहान ६ बजे अघि र बेलुकी ६ बजे पश्चात् उत्खनन् वा संकलन कार्य गरेमा | नयाँ थप | | क्रम संख्या १० बमोजिमकै जरिवाना | | |
| १४ | नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | नयाँ थप | | १०००० | | |
| १५ | निषेधित क्षेत्रमा स्रोत साधन उत्खनन् वा संकलन गरेमा | नयाँ थप | | २०००० | | |
| १६ | क्रसर उद्योगबाट निष्कासित फोहोर पानी प्रशोधन नगरि नदीमा मिसाइएमा प्रति पटक | नयाँ थप | | २००० | | |
| १७ | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा सञ्चय गरेमा | नयाँ थप | | १५००० | | |
| १८ | क्रम संख्या ९ देखि १७ सम्म कसूर दोहोऱ्याएमा | नयाँ थप | | तोकिएको रकममा २५ प्रतिशत थप दण्ड | | |
| १९ | पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | नयाँ थप | | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्बर, तेव्बर हुँदै जाने। | | |
| २० | प्रत्येक पटकको ढुवानीमा राजस्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा ढअप्रशोधित सामाग्रीका हकमा) | नयाँ थप | | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्बर, तेव्बर हुँदै जाने। | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | कम्पनी रजिष्टारको कार्यालयमा दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत उद्योग सञ्चालन गरेमा दण्ड जरिवाना | नयाँ थप | | २०००० | | पटकै पिछे |
| २९ | कम्पनी दर्ता गरी इजाजत लिई उद्योग सञ्चालन गरे तापनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा जरिवाना | नयाँ थप | | २०००० | | पटकै पिछे |
| ३० | कृषक समुह नविकरण दस्तुर | नयाँ थप | | २०० | | ३५ दिन भित्र निशुल्क ३६ औं दिनबाट शुल्क लाग्ने |
| ३१ | यस ऐनका अनुसुचिहरुमा उल्लेख नभएका विषयहरुमा कर/दस्तुर/राजस्व लिनुपरेमा गण्डकी प्रदेशको प्रचलित कानून बमोजिम हुनेछ। | | | | | |

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री रोजी थकालीले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

## कार्यसूची १४ बमोजिमको निर्णय :-

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले आ.ब. २०८०।८१ को विनियोजन ऐन, २०८० मा केही संशोधन सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

### तपसिल :

घरपझोङ गाउँपालिका, गाउँसभाको १२ औं अधिवेशनमा हामिले गत वर्षको बैंक मौज्दातलाई बजेटमा समावेश गरेका थिएनौं। राज्यको आर्थिक अवस्थामा शिथिलता आएको र समानिकरण अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमको समेत सुनिश्चित नभएको अवस्थामा आर्थिक वर्षको अन्त्यतिर हामिलाई संघ र प्रदेश सरकारबाट केहि रकम थप प्राप्त भएकोले हामीले यस विनियोजन ऐन, २०८० संशोधन मार्फत उक्त संचित बैंक मौज्दातलाई योजना तथा कार्यक्रम